मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

लकडाउनमा यसरी गरौं
कपाल र दाह्रीको स्याहार : पृष्ठ ३

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १८५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ २१ गते बुधवार (Wednesday, June 3. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




## आफ्नै साथीको हत्या आरोपमा पक्राउ



**इटहरी, जेठ २०।** सुनसरीको इटहरी उपमहानगरपालिका-२०का २८ बर्षीय रादन राईको हत्याको आरोपमा इलाका प्रहरी कार्यालय इटहरीले तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा मोरङको कानेपोखरी गाउँपालिका-५का २० बर्षीय प्रज्ज्वल तामाङ, इटहरी उप-महानगरपालिका-२०का १९ बर्षीय अभिषेक केसी (गिरी) र सोही स्थानका २३ बर्षीय अभिषेक पौडेल रहेका छन्। गत जेठ १८ गते राति छिमेकी खीले भनिने अमित घिमिरेको घरमा प्रज्ज्वल राई र रादन राईबीच सामान्य बादबिबाद भएको र बादबिबाद पश्चात मृतक राई आफ्नो घरतर्फ फर्कने क्रममा बाटोमा ढुकेर बसेका उनीहरुको समूहले बाँसको लाठीले अन्धाधुन्द कुटपिट गर्नुका साथै धारिलो हतियार छुराले कोखा तथा छातीमा प्रहार गरी घाइते बनाई फरार रहेका थिए।

घाइतेलाई तत्काल उद्धार गरी उपचारको लागि धरानको

*(बाँकी अन्तिम पृष्ठमा)*

कोरोना जितेर फर्किएका आलम भन्छन्-

# संयमता अपनाऔं, आत्तिनु पर्दैन

**बिर्तामोड, जेठ २०।** नेपालमा कोरोना संक्रमणको दर बढ्दै गइरहेका बेला संक्रमित निको हुने क्रम पनि उच्च रहेको छ।

दुई हजारभन्दा बढी संक्रमित भइरहँदा २२१ जना भन्दा धेरैले कोरोनालाई जितेर घर फर्किएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। कोरोना भाइरसको संक्रमण हुने वित्तिकै मृत्यु नै हुन्छ भन्ने भ्रमलाई चिर्दै धेरै नेपालीले रोगलाई जितेर घर फर्किएका छन्। स्वास्थ्य मन्त्रालयका अनुसार ८० प्रतिशत कोरोना संक्रमितमा सामान्य लक्षण समेत देखिएको छैन।

सरकारले तोकेका अस्पतालमा उपचार गराएर संक्रमित घर फर्किए पनि कतिपयले कोरोनाको संक्रमण भएको भन्दै भेदभाव गर्ने गरेको गुनासो गरेका छन्। रोग लाग्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो तर उपचारपछि निको भएका व्यक्तिलाई भेदभाव गर्नु भनेको गलत काम भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता विकास देवकोटाले बताएका छन्।

कोरोना संक्रमण बढ्दै छ संक्रमित निको हुनेको दर पनि बढ्दै छ तर, समाजमा गरिने भेदभाव भने गलत बुझाइका कारण हुँदैछ- देवकोटाले भने। प्रदेश नम्वर १मा कोरोना संक्रमित वढिरहेका छन्। झापा संक्रमितको पहिलो नम्वरमा रहेको छ। निको हुने क्रम बढीरहेका बेला मंगलबार मात्रै झापाका १७ पुरुष सहित प्रदेश १का १८ जनाले कोरोनालाई जितेर घर फर्किएका छन्। हालसम्म प्रदेश १मा ४८ जना निको भएर घर फर्किएका छन्।



**मजाहिर आलम**
**मदरसा दारुलउलुम चकचकी**
**हेडमदरेस्ट् नादिम**

झापाको वाह्रदशी गाउँपालिका-४ स्थित मजाहिर आलम बाह्रदशी गाउँपालिकाका पहिलो कोरोना संक्रमित अहिले घर फर्किएर आफ्नो काममा व्यस्त रहेका छन्। कोरोना संक्रमण पुष्टि हुँदा र त्यस पश्चात उनलाई समाजले कस्तो व्यवहार गरिरहेको छ भन्ने विषयमा पूर्वाञ्चलकर्मीले गरेको कुराकानीको सम्पादित अंश।

गत ३ मार्चमा म दिल्ली गएको थिएँ र ११ मार्चमा म घर फर्किएको थिएँ। घर फर्किएपछि १०-१२ दिन स्कूल पढाए पनि। मैले मदरसा दारुलउलुम चकचकीमा पढाएको हुँ। लकडाउन भयो। त्यसपछि केही दिन घर बसे। २५ दिनपछि प्रहरीको असई घरमै आएर तपाई दिल्ली जानु भएको थियो भन्दै सोधपुछ गर्‍यो। त्यत्तिवेला दिल्लीबाट फर्किएको २०/२५ दिन भएको थियो। केही दिन पछि फेरि डीएसपी आएर सोधेका थिए।

वैशाख ३ गते गाउँपालिकाले स्वास्थ्य जाँचका लागि बोलायो। तर, त्यो दिन डाक्टर नआएकाले मेरो स्वास्थ्य जाँच भएन। फेरि बैशाख ५ गते मेरो स्वास्थ्य जाँच भयो। ३१ जनाको त्यो दिन स्वास्थ्य परीक्षण भयो। त्यसपछि म ढुक्कले बसे।१० गते फेरि मेरो मोवाइलमा फोन आयो। तपाइको अर्को एउटा चेकअप गर्नुपर्छ भनियो। त्यहाँ मेरो स्वास्थ्य जाँच भएपछि डाक्टरलाई सोधे मेरो रिपोर्ट कहिले आउँछ? डाक्टरसावले भन्नुभयो - आज परीक्षणका लागि स्वाव विराटनगर जान्छ। म फेरि फोन गर्छु भने। त्यो दिन मलाई ८ वजे राति

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना नियन्त्रणमा एक करोड ६० लाख खर्च

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, जेठ २०।** कोराना नियन्त्रण गर्नको लागि ताप्लेजुङका स्थानीयहरुले एक करोड ६० लाख ८ हजार ७६ रुपैयाँ खर्च गरेका छन्।

एक नगरपालिकासहित आठवटा स्थानीय तहले गत बैशाख २४ गतेसम्मको खर्च विवरण सार्वजनिक भएको छ। जिल्ला समन्वय समितिका शाखा अधिकृत गणेश अधिकारीका अनुसार कोभिड-१९को सङ्क्रमणपछि यसको नियन्त्रण तथा रोकथामका लागि बैशाख २४ सम्ममा फुङ्लिङ नगरपालिकाले १८ लाख छ हजार सात सय रुपैयाँ खर्च गरेको छ। सिदिङवा गाउँपालिकाले गत आइतबार सार्वजनिक खर्च विवरणमा ८४ लाख रुपैयाँ भएको उल्लेख गरिएको छ।

पाथीभरा याङ्वरक गाउँपालिकाले १९ लाख ४९ हजार तीन सय ८१, आठराई त्रिबेणी गाउँपालिकाले ११ लाख ६८ हजार ८ सय २७, मेरिङ्देन गाउँपालिकाले ७ लाख ९९ हजार ६ सय ८८ रुपैयाँ खर्च गरेका छन्। मेवाखोला गाउँपालिकाले छ लाख ५५ हजार रुपैयाँ, मिक्वाखोला गाउँपालिकाले पाँच लाख १८ हजार २ सय ९५ रुपैयाँ, फक्ताङ्लुङ गाउँपालिकाले तीन लाख ६४ हजार र सिरिजंघा गाउँपालिकाले दुई लाख ८५ हजार ५० रुपैयाँ खर्च गरेको विवरण जिल्ला समन्वय समितिलाई प्राप्त भएको शाखा अधिकृत अधिकारीले जानकारी दिए।

सिदिङ्वा गाउँपालिकाबाहेक अन्य आठवटा स्थानीय तहको बैशाख २५ गते पछिको खर्च विवरण आई नसकेको जिल्ला समन्वय समितिले जनाएको छ। यसरी क्वारेन्टाइन व्यवस्थापनदेखि जिल्ला बाहिरबाट आउनेहरुको यातायात

*(बाँकी अन्तिम पृष्ठमा)*

# राहत प्याकेज घोषणा गर्न होटल व्यवसायीसको माग

**बिर्तामोड, जेठ २०।** होटल ब्यवसायी संघ झापाले होटल व्यवसायको क्षेत्रमा परेको असरप्रति गम्भीर बन्दै राहतको प्याकेज घोषणा गर्न प्रदेश-१का मुख्यमन्त्री शेरधन राई ज्ञापनपत्र बुझाएको छ। मंगलबार जिल्ला प्रशासन कार्यालय झापामार्फत मुख्यमन्त्री राईलाई ज्ञापनपत्र बुझाइएको हो।

झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानालाई होटल व्यवसायी संघ झापाकी अध्यक्ष इन्दिरा श्रेष्ठले ज्ञापन पत्र बुझाउँदै होटल ब्यवसायको क्षेत्रमा ठूलो असर परेको बताइन्। कोरोना भाइरसका कारण विश्वकै अर्थतन्त्रमा नकारात्मक असर परिरहेको र नेपालमा पनि लामो समयदेखि भएको लकडाउनका कारण होटल ब्यवसाय क्षेत्र अस्तब्यस्त भएको अध्यक्ष श्रेष्ठको भनाई छ।

ज्ञापन-पत्रमा लकडाउनको अवधिभरको पूर्णरुपमा भाडा छुट हुनुपर्ने र ६ महिनासम्म ५० प्रतिशत छुटको ब्यवस्था गरिनुपर्ने, वित्तीय संस्थाको ब्याज मिनाह तथा ऋण भुक्तानी गर्नुपर्ने समय बढाउनुपर्ने, लकडाउनको अवधिमा कुनै पनि वित्तीय संस्थाको किस्ता तिर्न नसक्ने, बिजुली र पानीमा न्यूनतम् शुल्क मात्रै लिनुपर्ने, ब्यवसायलाई धितोमा राखेर सहुलियतमा ऋण उपलब्ध सरकारले गराउनुपर्ने लगायतका मागहरु रहेको अध्यक्ष श्रेष्ठले बताइन्।



अहिले होटल व्यवसाय संकटमा परेकाले व्यवसायीहरु चिन्तित भएको झापा अध्यक्ष श्रेष्ठको भनाइ छ। लकडाउन खुलेर व्यवसाय सञ्चालनमा आएपछि सतर्कता अपनाएर व्यवसाय सञ्चालन गर्ने भएकाले होटल क्षेत्रमा कोरोना भाइरसको असर निकै लामो समयसम्म पर्ने अनुमान गरिएको छ। लामो समय व्यवसाय बन्द गर्नु पर्दा आफूहरु समस्यामा परेको व्यवसायीहरुको भनाइ छ। ज्ञापन-पत्र बुझाउन

*(बाँकी अन्तिम पृष्ठमा)*

## जुवातास खेलिरहेको अवस्थामा ९ जना पक्राउ

**काठमाडौं, जेठ २०।** काठमाडौं महानगरपालिका-१ कमलादीस्थित रिजेन्सी बुटिक होटलको १०४ नम्बरको कोठामा जुवातास खेलिरहेको अवस्थामा ९ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा काठमाडौं पानीपोखरी बस्ने ५९ वर्षीय पुरुषोत्तम अग्रवाल, पुतलीसडक बस्ने ६० वर्षीय रामचन्द्र सनहाई, बानेश्वर बस्ने ६५ वर्षीय सुरेश अग्रवाल, डिल्लीबजार बस्ने ६३ वर्षीय नन्द किशोर शर्मा, लाजिम्पाट बस्ने ५८ वर्षीय अशोक अग्रवाल, पुतलीसडक बस्ने ६१ वर्षीय गोबिन्द अग्रवाल, सामाखुशी बस्ने ३६ वर्षीय निकी जोगाई, ललितपुर सानेपा बस्ने ६० वर्षीय बिमल खेतान र भक्तपुर मध्यपुर ठिमी बस्ने ५९ वर्षीय विमल अभुजा रहेका छन्। महानगरीय प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरीले नगद २ लाख ७७ हजार ७ यस ७ रुपैयाँ, क्वाइन १ सय ७९ वटा र ५ बुक तास सहित उनीहरुलाई पक्राउ गरेको हो।

यसैबीच महानगरीय प्रहरी वृत्त, दरबारमार्गले चलाएको अपरेशनमा पक्राउ परेका ८ जना व्यवसायीलाई हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अनुमति पाएको छ।

मुलुकी अपराध संहिताको जुवा सम्बन्धी कसुरमा

*(बाँकी अन्तिम पृष्ठमा)*






## रोङमा रेविजको त्रास

**रोङ, जेठ २०।** इलामको रोङमा रेबिज रोगका कारण स्थानीयवासी त्रसित भएका छन्।

वडा नं. २को धनसारमा रेबिज रोगका कारण गाई मरेको पुष्टि भएपछि स्थानियवासी त्रसित भएका हुन्। गाई मरेपछि ४२ वटामा रेबिज बिरुद्धको खोप लगाइएको छ। धनसारका गोरीमाया राईको गाई चरनमा गएका बेला करिव एक महिना अघि बेबारिसे कुकुरले टोकेर मरेका थियो। चरनमा बनमारे र धनसार टोलका अन्य करिव चार दर्जनभन्दा बढी गाईबस्तुरहरुसँगै रहेका थिए।

संक्रमित गाईमा रेबिजको लक्षण देखिन साथ अलग्गै राखिएको भए पनि लक्षण देखिनु अघि चरनमा नै रहेको कारण किसानहरुमा सकस परेको वडाध्यक्ष टेकबहादुर तामाङले बताए। शुरुमा बडा कार्यालयलाई कसैले जानकारीसम्म नगराएको कारण पनि अहिले समस्या आएको तामाङको भनाइ रहेको छ। किसानहरुले शुरुमा रेबिजको शंकासम्म गरेनन् कुकुरले टोकेको गाईंसग अन्य गाईबस्तु मानिसहरुको घुलमिल भयो। उपचारमा वडा र गाउँपालिकाले ध्यान केन्द्रित गरेको छ- वडाध्यक्ष तामाङले भने। उक्त स्थानका गोरीमायाको ५ र बुद्धिमानको ११ वटा गरी १६ बटा गाईबस्तुमा रेबिजबिरुद्धको दोश्रो खोप निजी भेटनेरीबाट लगाएको थियो भने सोमबार तेश्रो खोप लगाइएको छ।

अन्य जीतबहादुर राईको २, सोमबहादुर राईको ४, बिशाल राईको २ वटा राँगा सहित ५, सन्तोष राईको ३, तीलबहादुर राईको ३, साजन राईको २, निर्मल राईको ४ फूर्वा तामाङको २ केदार गुरुङको ४ गरी २६ बटालाई पहिलो डोज गरी कूल ४२ वटालाई रेबिजबिरुद्धको खोप लगाइएको पशु प्राबिधिक बद्री गोपाल आचार्यले बताए। धेरै परिमाणमा लगाउनु पर्ने भएपछि गाउँपालिकाको सहयोगमा निःशुल्क उपलब्ध गराउने पशु शाखा प्रमुख मिग्मा रिन्जी शेर्पाले बताए।

खोप लगाउन गाउँपालिकाका पशु प्राबिधिक आचार्य र शिरीचन्द्र राई सम्पूर्ण खोप सामग्रीसहित सेवा दिन पुगेका थिए।





# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



भेडेटारबाट हेर्दा देखिने कोशी राजमार्ग, भेडेटार पूर्वको एक पर्यटकीय गन्तव्य हो । तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल

# गौरीगञ्जमा थप क्वारेन्टाइन बन्दै

**गौरीगञ्ज, जेठ २०।** गौरीगञ्ज गाउँपालिकाले दुई स्थानमा थप क्वारेन्टाइन स्थापना गर्ने भएको छ ।

रोजगारी तथा अध्ययनका सिलसिलामा भारत गएका नेपालीहरूको घर फर्कने क्रम बढेपछि उनीहरूको व्यवस्थापनका लागि थप दुई स्थानमा क्वारेन्टाइन स्थापना गर्न गाउँपालिकाको सोमवार बसेको बैठकले निर्णय गरेको हो ।

गौरीगञ्ज गाउँपालिकाको वार्ड नं. ५ र ६ का लागि वार्ड नं. ६ खजुरगाछीमा रहेको खजुरगाछी मावि र वार्ड नं. १ र २ का लागि वार्ड नं. २ कोरोवारीमा रहेको क्रस्चियन विद्यालयमा क्वारेन्टाइन स्थापना गर्ने निर्णय भएको गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले जानकारी दिएका छन् ।

गाउँपालिकाले गौरीगञ्ज गाउँपालिका वार्ड नं. ६ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको नयाँ भवन र गौरीगंज बहुमुखी क्याम्पसमा क्वारेन्टाइन स्थापना गरि सकेको छ । क्वारेन्टाइनलाई व्यवस्थित र सुरक्षित बनाउनका लागि थप बजेटका लागि प्रदेश सरकारसंग बजेट माग गर्ने बैठकमा निर्णय भएको जनाइएको छ ।

प्रत्येक क्वारेन्टाइनमा सुरक्षाकर्मीलाई परिचालन गर्नुको साथै सुरक्षा अवस्थालाई अझ प्रभावकारी बनाउन थप स्वयम्सेवक खटाइने बैठकमा निर्णय भएको छ । हाल प्राथमिक स्वास्थ्य केन्द्रको क्वारेन्टाइनमा ९ जना र गौरीगञ्ज बहुमुखी क्याम्पसमा पनि ६ जना स्वयम्सेवक खटाइएको र स्थापना हुने २ क्वारेन्टाइनमा पनि ६/६ जना गरी स्वयम्सेवक खटाइने अध्यक्ष श्रेष्ठले बताए ।

गौरीगञ्ज गाउँपालिकाको कार्यपालिकाको बसेको बैठकले सम्झौता गर्न बाँकी रहेको योजनाहरू जेठ २३ गतेसम्म सम्झौता गर्ने अन्तिम मिति तोकेको छ । उक्त समयभित्र सम्झौता गर्न आएका योजनाहरू मात्र सम्झौता गर्न सकिने जनाइएको छ । वार्ड नं. १देखि ६ सम्मका १७ वटा योजनाहरूको ४२ लाख रूपैयाँ कटौती गरि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय भएको छ । कार्यपालिकाको बैठकले गाउँपालिकाले दैनिक सञ्चालन गर्ने कार्य र सेवाहरूलाई व्यवस्थित र सुरक्षित बनाउन समय तालिकाको निर्णय गरेको छ ।

त्यस्तै गाउँपालिकाको कार्यालय विहान १० बजेदेखि ४ बजेसम्म खुले पनि सेवाग्राहीका लागि विहान १० बजे देखि दिउँसो २ बजेसम्म मात्र खुल्ला रहने र अन्य समय कार्यालयको आन्तरिक कार्य मात्र गर्ने निर्णय भएको छ । त्यसैगरी आइतवार, सोमवार र मंगलवारका दिन योजनाहरू र अन्य कार्यहरूको प्राविधिक र लेखा सम्बन्धित बिल भौचर र भुक्तानी दिने, बुधबार र विहीवार आर्थिक सहयोग तथा अन्य विविध कार्यहरू मात्र गर्ने , विहीवार र शुक्रबार योजनाहरूको अनुगमन गर्ने लगायतका निर्णय भएको छ ।

गाउँपालिकाको कार्यालयमा जथाभावी प्रवेशलाई व्यवस्थित गर्ने गरी मुलगेटमा स्वयंसेवक राख्न आन्तरिक छलफल भइरहे पनि निर्णय भने भइनसकेको बुझिएको छ । आर्थिक वर्षको अन्तिम समयमा कार्यालयमा हुने भीडभाडलाई मध्यनजर गर्दै कार्यालयको दैनिक कामकाजलाई सरल र सहज तवरबाट सञ्चालन गर्न उत्त निर्णयहरू गरिएको अध्यक्ष श्रेष्ठ बताउँछन् ।

स्थानीय सरकारको नीति कार्यक्रम तथा बजेटको प्राथमिकता

# कृषि उत्पादन र रोजगारी बृद्धिमा जोड



**बसन्त बानियाँ**
सांसद
प्रदेश सभा प्रदेश नं. १



**मीना पराजुलीः** उपप्रमुख
जिल्ला समन्वय
समिति झापा



**रवीन्द्र लिङ्देन**
अध्यक्ष
हल्दिवारी गाउँपालिकाका



**नवराज खरेल**
केन्द्रीय सदस्य
तथा जिल्ला सचिव
नेकपा माले



**गणेश ढकाल**
अध्यक्ष
जिल्ला सहकारी
संघ झापा



**मेदनी सिटौला**
सचिव
नेपाल किसान
संघ झापा

**बिर्तामोड, जेठ २०।** कृषि उत्पादन र रोजगारी बृद्धिका लागि भू-उपयोग नीति निर्माणसँगै स्थानीय सरकार, सहकारी संस्था, निजी क्षेत्र तथा सरोकारवालाबीचको सहकार्यमा जोड दिइएको छ ।

कोभिड-१९को महामारीले समग्र विश्व चपेटामा परेका बेला उक्त कार्य गर्न सके मुलुक कृषिमा आत्मनिर्भरसँगै रोजगारी अभिबृद्धि गर्न सक्ने कुरा बताइएको हो । जसले गर्दा जनजीवन सहजतातर्फ अघि बढ्ने सरोकारवालाको भनाइ छ । मंगलवार सरोकारवालाहरुबीच भएको भिडियो कन्फ्रेन्समा त्यस्तो कुरामा जोड दिइएको हो । अहिले स्थानीय र प्रदेश सरकारले नीति, कार्यक्रम तथा बजेट निर्माणका क्रममा सहकारी तथा वित्तीय क्षेत्र, निजी क्षेत्र तथा सबै सरोकारवालाहरुबीचको छलफल र निष्कर्ष अनुसार अघि बढ्नुपर्ने बताइएको छ ।

प्रदेश नं. १का सांसद बसन्त बानियाँ, जिल्ला समन्वय समिति झापाकी उपप्रमुख मीना पराजुली, हल्दिवारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देन, नेकपा मालेका केन्द्रीय सदस्य तथा जिल्ला सचिव नवराज खरेल, जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकाल, नेपाल किसान संघ झापाका सचिव मेदनी सिटौलाले सरोकारवालाबीचको सहकार्यबाट कृषि उत्पादन र रोजगारी बृद्धिमा जोड दिएका हुन् । छलफलको संयोजन संवाद समूह झापाले गरेको थियो । कोभिड-१९का महामारीका कारण देश बाहिरबाट रोजगारी गुमाएर लाखौं नेपाली स्वदेश फर्कने अवस्था रहेको र देशभित्रै पनि लाखौंले रोजगारी गुमाइरहेको अवस्थामा कृषि उत्पादन र रोजगारी बृद्धिको विकल्प नरहेको बताइएको छ । उक्त छलफलमा साझा प्रतिबद्धतासहित ५ बुँदे साझा निष्कर्ष समेत निकालिएको छ ।

**यस्ता छन् साझा प्रतिबद्धता/निष्कर्ष**

१) मुलुकमा कोरोना भाइरसको संकटको यस घडीमा सबै स्थानीय सरकारहरुले कृषि र रोजगारीलाई उच्चतम् प्राथमिकतामा राखी कृषि, पशुपालन र पशुपन्छी विकासका लागि आवश्यक नीति र बजेटको तर्जुमा र कार्यान्वयन गर्न सुझाव दिन्छौं । श्रमको सम्मान गर्दै भूउपयोग नीति निर्माण र कार्यान्वयन गर्न प्रदेश सरकार, जिल्ला समन्वय समिति र स्थानीय सरकारले समन्वय र पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

२) कृषिको विकाससँगै रोजगारी बृद्धि गर्न स्थानीय सरकारलाई आवश्यक सहयोग र समन्वयको वातावरण मिलाउन जिल्ला सहकारी संघलाई आग्रह गर्दछौं ।

३) कृषिको विकासका लागि जिल्ला सहकारी संघले स्थानीय तहमा रहेका सहकारी र पालिकाहरुसँग प्रभावकारी समन्वयको भूमिका निर्वाह गर्दै कृषिलाई सहकारीसँग जोडेर लगानी, उत्पादन र बजार व्यवस्थापनको कामलाई अघि बढाउने । कृषिमा यान्त्रिकीकरण गरी विचौलियामुक्त बजार निर्माणका लागि स्थानीय सरकार र सहकारी संस्थाले समन्वय गर्ने ।

४) सहकारी संस्थालाई कृषिमा लगानी र कृषि व्यवसायलाई प्रबर्द्धन गर्न सक्ने नीतिगत वातावरण मिलाइदिन तीनै तहका सरकारलाई आग्रह गर्दछौं ।

५) हल्दिवारी गाउँपालिकाले बजेट तथा नीति कार्यक्रममा कृषिलाई पहिलो प्राथमिकतामा राख्दै नमूनाको रुपमा किसान कार्ड/परिचयपत्रको व्यवस्था गर्ने । साथै हल्दिवारी गाउँपालिकाले आर्थिक बर्ष ०७७/०७८को नीति तथा कार्यक्रम तय गर्दा पालिकाभित्रका राजनीतिक दल, सहकारी संस्था, निजी क्षेत्र, कृषक प्रतिनिधि, विज्ञ तथा सरोकारवालाबीचको छलफल र संवादबाट प्राप्त सुझाव र निष्कर्षलाई समावेश गरी कार्यान्वयन गर्ने ।

# कचनकवलमा विभिन्न संघ-संस्थाद्वारा सहयोग

**भद्रपुर, जेठ २०।** एक सय जना कोरोना सङ्क्रमित भेटिएको दक्षिणी झापाको कचनकवल गाउँपालिकालाई विभिन्न संघ-संस्थाले स्वास्थ्यसहित विभिन्न सामग्री सहयोग गर्न थालेका छन् ।

जिल्लाकै सबैभन्दा बढी सङ्क्रमित भेटिएको गाउँपालिकाका क्वारेनटाइनलाई थप व्यवस्थित बनाउन, स्वाब परीक्षणको दायरा बढाउन र गाउँमा संक्रमण फैलिन नदिन सहयोगी दाता तथा संघ-संस्थाले सहयोग गर्न थालेका हुन् ।

सोही क्रममा गुड नभेर इन्टरनेशनलको आर्थिक सहयोग तथा नारी कल्याण समाज झापाको सहकार्यमा गाउँपालिकामा रहेका क्वारेनटाइनलाई एक हजार लिटर क्षमता भएको सात वटा पानीट्यांकी र सात थान इलेक्ट्रिक फिल्टर प्रदान गरिएको छ ।

प्रदेश सांसद बसन्त बानियाँको पहलमा गाउँपालिकालाई ती सामग्री प्रदान गरिएको हो । उक्त टोलीले मंगलवार गाउँपालिकाका अध्यक्ष अञ्जार आलम र उपाध्यक्ष निमसरि राजवंशीलाई सो सामग्री हस्तान्तरण गरेको थियो । साथै पथरिया माविको क्वारेन्टाइनमा पुगेर उनीहरूले एउटा पानीट्यांकी र फिल्टर जडान गरिदिएको प्रदेश सांसद बानियाँले जानकारी दिए । अब गाउँपालिकामा रहेको अन्य क्वारेन्टाइनमा पनि स्वच्छ र सफा पानीका लागि पानीट्यांकी र फिल्टर जडान गरिने गाउँपालिकाका अध्यक्ष आलमले जानकारी दिए ।

त्यस्तै सिस्नो पानी नेपालले पनि गाउँपालिकालाई स्वास्थ्यसहित विभिन्न सामग्री उपलब्ध गराएको छ । सिस्नो पानी नेपालका महासचिव टङ्क आचार्य र सरोज घिमिरेले गाउँपालिकाका अध्यक्ष आलमलाई २५ थान पीपीई, एक कार्टुन स्यानिटाइजर, २५ थान स्यानिटाइजर स्प्रे, एक हजार सर्जिकल मास्क, २५ थान पानी तताउने भाँडो, ५० थान झुल, १५० थान गम्छा, १५ थान मग, ७५ थान तकिया, एक सय पिस साबुन लगायतका सामग्री हस्तान्तरण गरेका छन् ।

त्यस्तै 'एकका लागि एक' अभियानले पनि कचनकवल गाउँपालिकालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । गाउँपालिकामा कोरोना भाइरस परीक्षणको दायरा बढाउन अभियानले दुई सय थान पीसीआर किट, १००० थान मेडिकल मास्क, ९९५ थान साबुन प्रदान गरिएको अभियानको साझेदार संस्था बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष अभियन्ता कुमार भट्टराईले जानकारी दिए ।

जिल्ला प्रशासन झापाको कार्यालयमा एक संक्षिप्त कार्यक्रमकाबीच गाउँपालिकाका अध्यक्ष अञ्जार आलमलाई उक्त सामाग्री प्रदान गरिएको थियो । हाल गाउँपालिकाका क्वारेन्टाइनमा भारतबाट आएका साढे तीन सय बढी राखिएको छ, भने सङ्क्रमित एक सयमध्ये १७ जना निको भएर घर फर्किसकेका छन् ।

### संयमता ...

डाक्टरको फोन आयो ।

ल तपाई ढुक्क हुनुभयो । तपाइको रिपोर्ट नेगेटिभ आयो । डाक्टरले यसो भन्दा म खुशी भए । तर, मैले डाक्टरलाई लिखित रुपमा रिपोर्ट मागे । भोलि पल्ट विहान गाउँपालिकामा मलाई रिपोर्ट लिन बोलाइयो । मैले स्वास्थ्य शाखा प्रमुख राम साहलाई भेटे । उहाँले पनि मलाई वधाई दिनुभयो । यो १२ गतेको कुरा हो । फेरि १३ गते मलाई ओमप्रकाश जीले फोन गर्नुभयो । प्रतिप्रश्न गरे मैले किन आउनु दाजु । उहाँले भन्नुभयो - मेचीबाट डाक्टरहरु आउनु भएको छ । अनि त्यो दिन फेरि मेरो स्वास्थ्य जाँच भयो । त्यसको रिपोर्ट के आयो मलाई थाहा भएन एकै पटक १४ गते मलाई उठाएर विराटनगर लगियो । १४ दिन म विराटनगर बसे । त्यहाँ मेरो चारपटक स्वास्थ्य परीक्षण भयो । ४ वटा चेकअपमा पनि मेरो रिपोर्ट नेगेटिभ नै आयो । १४ दिन वसेपछि मलाई घर पठाइयो । त्यहाँ मलाई १४ दिन फेरि होम क्वारेन्टाइन बस्न भनियो । अहिले म घरैमा छु । घरको सामान्य कामहरु गरिरहेको छु । मलाई केही भएको छैन । पहिला पनि थिएन र अहिले पनि छैन । मेरो स्वास्थ्यमा कुनै समस्या छैन ।

कोरोना लागेको सुन्दा पनि मलाई कुनै अनौठो केही लागेन । जहाँ-जहाँबाट फोन आउथ्यो त्यहाँ त्यहाँ म पुगेकै थिए । राजगढ बोलाए म राजगढ नै पुग्थे । चकचकी बोलायो चकचकी पुग्थे । घरमा पनि कुनै फिल नै भएन । हामी सवैसंगै बस्थ्यौं, संगै खान्थ्यौ । कुनै त्यस्तो कुनै अनुभव नै छैन । हामी घर परिवार आमावुवा दाजुभाइ सबैसंगै बस्यौं ।

दिल्लीमा धार्मिक कार्यक्रम थियो । त्यही कार्यक्रममा सहभागिताका लागि म गएको थिए । सात गतेदेखि ९ गतेसम्म एउटा कार्यक्रम थियो त्यही कार्यक्रमका लागि म गएको थिए । चार दिन म दिल्ली बसे ।

मलाई कोरोना संक्रमण छ भनेर विराटनगर लादा म संग विराटनगरमा ३१ जना भयौं । केही दिन हामी सवैलाई क्वारेन्टाइनमा राखियो । मभन्दा अगाडि आएकाहरुलाई उपचारपछि घर फर्काइयो । मलाई विराटनगर पुऱ्याएको पाँच दिनपछि म र भोजपुरको भाइ मात्रै भयो र केही दिनपछि हामी दश जनालाई छाड्यो । अहिले चाँही वरु कोरोनाका संक्रमितहरुको संख्या थपिदै गएको छ ।

कोरोना लाग्दैमा आत्तिनु पर्दैन । कोरोना एउटा बिरामी हो । यसमा हाम्रो केही चल्दैन । भगवानको इच्छा जसलाई हुन्छ, त्यसैलाई लाने हो । योदेखि आत्तिनु पनि हुँदैन । भीडभाडमा जानु हुँदैन । मान्छेदेखि मान्छे दुरी राखेर टाढैं बसौं । कोरोना संक्रमति भन्ने बित्तिकै मरिंदैन । आत्मबल दह्रो बनाउनुपर्छ । भेदभाव गर्नु हुँदैन ।

घर परिवारको पूर्णसाथ सहयोग छ । हुन त मलाई केही पनि भएको छैन । कोरोनाको कुनै लक्षण म मा नदेखिएकाले पनि मलाई विरामी भएको अनुभव घरकाले गरेनन् । कोराना लागेको सुन्ने वित्तिकै समाजले अलिक भेदभाव गऱ्यो । उपचारपछि म घर फर्किएपछि अहिले फेरि राम्रै गर्दैछन् । साथीभाइहरु विस्तारै घर पनि आउन थालेका छन् । केही दिन देखि म पनि फूलवारी चौक तिर निस्कदैछु ।

कोरोन लागो भनेर कोही निरास नबन्नुहोस् । मलाई ठीक भएर घर फर्किसके । विश्वमा कोरोनाका कारण धेरैको ज्यान गयो । तर नेपालमा खासमा कोरोना आएको छैन । सामान्य केही लक्षण देखिएको मात्रै हो । मलाई कोरोना यदि भएकै हो भने मेरो घर परिवारलाई सर्ने थियो । १०/१२ जनाको संयुक्त परिवार छ मेरो । तर, न मलाई केही भा छ न मेरा परिवारलाई केही भा छ । कोरोनाको लक्षण देखापर्ने वित्तिकै सरकारले उच्च प्राथमिकतामा राखेर मलाई उपचार गऱ्यो । विराटनगरमा राम्रो व्यवहार गरे । सबै कुरा व्यवस्थित नै थियो । जे चाहियो त्यो एक कल फोनमा आयो । खाने बस्ने सबै व्यवस्थित थियो बिराटनगरमा ।

कोरोना रोग भएकाले यसबाट सचेत चाहिँ बन्नु पर्छ । तर, नआत्तिनु म सवैलाई यही भन्छु । हाम्रो लेखान्त नै कोरोनाका कारण मृत्यु लेखेको छ भने मरिन्छ तर लेखान्तमा छैन भने कोरोनाले केही हुँदैन । सुरक्षित बसौं नआत्तिऔं । हाम्रो वस्ने ठाउँ यो होइन । आखिर मर्नु त छ नै । तर, कोरोना रोगका कारण कोही नमरियोस् । म यही भन्छु ।

### आफ्नै ...

बीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो । घटनाको जानकारी पाए लगत्तै घटनाको सम्बन्धमा अनुसन्धान तथा फरारहरुको खोजतलासमा खटिएको १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर तथा ईलाका प्रहरी कार्यालय इटहरीको अनुसन्धान टोलीले उनीहरुलाई पक्राय गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

### कोरोना ...

लगायतका सम्पूर्ण खर्च अधिकांश स्थानीय तहले नै व्यवस्थापन गरिदिएका कारण खर्चको सीमा सोचेभन्दा बढी आउनसक्ने जिल्लास्थित कोरोना नियन्त्रण तथा व्यवस्थापन समिति संयोजक एवम् जिल्ला समन्वय समितिका प्रमुख घनेन्द्र मादेनले बताए ।

### जुवातास ...

अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले प्रहरीलाई अनुमति दिएको हो ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले अनुसन्धानका लागि ५ दिनको म्याद दिएको काठमाडौं प्रहरीका डीएसपी राजकुमार केसीले बताए ।

### राहत ...

अध्यक्ष श्रेष्ठ सहित, वरिष्ठ उपाध्यक्ष नरेश महरा, महासचिव शिव पौडल जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।

ज्ञापनपत्र बुझदै प्रमुख जिल्ला अधिकारी रानाले व्यवसायीको समस्याको विषयमा सरकार गम्भीर रहेको उल्लेख गरे । ज्ञापनपत्र मुख्यमन्त्री राईलाई पठाउने भन्दै व्यवसायीको हितमा प्रदेश सरकारले निर्णय लिने आश्वासन दिएका छन् । झापामा मात्रै करिब पाँच हजारभन्दा धेरै होटलहरु सञ्चालनमा रहेको छ । अन्य समयमा राज्यलाई आफूहरुले सहयोग गर्दै आएको भन्दै अध्यक्ष श्रेष्ठले अप्ठ्यारो अवस्थामा होटल व्यवसायीहरुलाई राज्यले सहयोग गर्नुपर्ने बताइन् ।


## मोटरसाइकल हरायो

झापाको बिर्तामोड-१ अरनिको टोलबाट २०७७ जेठ १८ गते रातो/कालो रंगको बजाज कम्पनीको २२० सीसीको पल्सर प्रदेश १-०१-०१२ प ३८२६ नम्बर, इञ्जिन नं. DKYCKF89470 र चेसिस नं. MD2A13EY9KCF91154 भएको मोटरसाइकल हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।

नामः सुवास सुब्बा
ठेगानाः चिसापानी-९, इलाम (हालः बिर्तामोड-१, झापा )
सम्पर्कः ९८१७०८३४३३

## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा
सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)








श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## समस्यालाई अवसर बनाऔं

परीक्षणको संख्या थपिँदै जाँदा संक्रमितहरू थपिनु स्वभाविक नै हो । त्यही कारण सोमवार सर्वाधिक संक्रमित पहिचान भए । अबको नतिजा झनै बढेर आउने छ र परीक्षण पूर्व नै मृतकहरूको सूची पनि बढ्दै जानेछ । अझ परदेशबाट घर फिर्नेहरूलाई यसरी नै प्रवेश गराइने हो भने कोरोनाकै कारण जीवन गुमाउनेको व्यवस्थापन नहुँदा को कसरी सुरक्षित होला अनुमान गर्न सकिन्न । यो संकटप्रति राज्य सजग र गम्भीर नभइरहेको उदाहरण उसले बनाएको मापदण्ड उसैले तोडेको दृष्यहरूले देखाइरहेका छन् । सीमाक्षेत्रमा नेपालीको प्रवेश वा क्वारेन्टीनमा भएका 'भद्रगोल' का तस्वीरहरूले पूर्वतयारी नभएको र दूरीको मापदण्ड पालना नगरेको पुष्टि गरेका छन् ।

कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्चस्तरीय समिति गठन त गरिएको छ तर त्यसको प्रभावकारिता अनुभूत गर्न सकिएको छैन । उसको सिफारिसमा सरकारले लकडाउन गरेको सत्तरी दिनमा 'गरिखाने' वर्गले भोगेको अतिशय कष्टले भने समितिको उपस्थिति महशुस गरेको होला । उसकै योजनामा कतै दुईपटकसम्म राहत बाँडिएको पनि होला । १०-२० किलो चामल, एक-दुई पोका नून र दाल पनि बाँडियो होला त्यो पनि सबैले नपाएको गुनासो 'खोलामा गाएको गीत' सरह भयो । सुन्नु पर्नेले नसुनेको गुनासोले आकार लिन पाएन ।

यसै समय सरकारले बार्षिक योजना, नीति र कार्यक्रम घोषणा गरेको छ । त्यसले महासंकटलाई सम्बोधन गर्ला अपेक्षा थियो । कोरोना कहरले उत्पन्न गरेको बेरोजगारी समस्याको समेत समाधान आउला, किसान लक्षित, उत्पादकत्व वृद्धि गर्नेतर्फका योजना आउलान् आशा थियो । तर, परम्पराको अनुशरण गरेरै आयो मात्र होइन कि अनपेक्षित बजेट ल्याइयो विश्लेषकहरुले टिप्पणी गरेका छन् । त्यसो त सरकार पनि सकसमै छ । कोरोना त संसार कै कहर भयो यसबाहेक सीमा अतिक्रमणको झनै ठूलो समस्या थपिएको छ । तर, सरकारका लागि सुखद् पक्ष पनि छ यसबेला किनकि विपक्षी दलहरू यी दुबै समस्यामा सरकारका साथ छन् । इतिहासमै नभएको एकता कायम भएको यो समस्यालाई अवसरका रूपमा प्रयोग गरेर इतिहास रच्ने मौका हो यो सरकारका लागि । त्यसैले उपकरण, जनशक्ति, सेवा र परीक्षण बढाएर संक्रमितको पहिचान र उपचार शुलभ गर्नुपर्छ ।

सरकारले महामारीबिरूद्धको युद्ध विशेषज्ञहरुको सेवाबाट जित्न सक्छ । यसका लागि वातावरण, उत्प्रेरणा, उपकरण, हौसला र पूर्वाधार निर्माण गर्नुपर्छ । यो दायित्व सरकारको हो । परदेशीलाई घर आउने अनुकूल वातावरण बनाउन, ल्याउन र व्यवस्थित ढंगले घर भित्र्याउन सरकारकै भूमिका जरूरी छ । सबै जिम्मा स्थानीय सरकारको टाउकोमा थुपारेर निदाउन पाउँदैन सरकारले । सबै स्थानीय सरकार आर्थिकरूपले सबल नहोलान्, स्वास्थ्य सेवा जस्तो संवेदनशील विषयमा निर्णय गर्न नसक्लान्, जनशक्ति, स्रोतसाधन र क्षमताले कमजोर होलान् । विद्यमान संकट सहकार्य, समन्वय, सहयात्रा र सद्भावपूर्ण सम्बन्धले मात्र जित्न सकिन्छ । यसका लागि देशको सम्प्रभुता र जनताको रक्षाका लागि भन्दै सरकारमा बस्नेहरूले उदारता, बुद्धिमत्ता र निष्ठापूर्ण अग्रसरता देखाउनै पर्छ । त्यसले मात्र सबै समस्याको समाधान दिन सक्छ ।

# सबै मिलेर कोरोनालाई पराजित गरौं



रामचन्द्र उप्रेती

कोभिड-१९ले सिर्जना गरेको विश्वव्यापी संकटको असर हाम्रो जस्तो मुलुकका लागि झनै धेरै पर्ने निश्चित छ । आर्थिक संकट पछिपछि आउँछ र मानवीय संकट अगाडि अगाडि आइरहेछ । अहिले अन्तर्राष्ट्रिय उडान बन्द भएकाले तेश्रो विश्वमा भएका नेपाली स्वदेश फर्कन पाएका छैनन् । जस्तै संकट परे पनि पर्खनुको कुनै विकल्प छैन । तर, भारतमा रोजगारीमा गएका, सानोतिनो व्यवसाय गरेर बसेका, घुम्न गएका र आफन्तसँगको भेटघाटमा गएका मानिस आउने क्रम धेरै दिन चल्ने छ । भारतमा लकडाउन कडा हुँदा नै केही मानिस निकै कष्ट सहेर नेपालको सीमामा आइपुगेका थिए । तिनले सहजै देश प्रवेश गर्न पाएनन् । उतै अलपत्र परेर रोकिनु परेको अवस्था थियो । तर, भारतले लकडाउन खुकुलो पारेसँगै भारतको विभिन्न ठाउँमा भएका मानिस रेल, जाहाज र बसबाट आउने क्रम बढ्ने छ र बढ्दै छ । अहिले नै दैनिक ५/१० हजारको संख्यामा आउने गरेका छन् ।

घर फर्कने क्रम बढेसँगै सीमामा भएको तयारी अपुग हुने स्थिति देखिएको छ । दैनिक १/२ सय मानिस आउलान् भनेर अनुमान गरिएकोमा १ हजार आउन थाले भने सबैलाई चेक गर्ने, क्वारेन्टाइनमा राख्ने, स्वाव



संकलन गर्ने र रिपोर्ट आएपछि मात्रै हेरेर कि घर पठाउने कि अस्पताल भन्ने कुरा सम्भव हुइञ्जेल गर्ने हो । क्वारेन्टाइनको बेहाल हुने नै भयो । स्कुल, कलेज, धर्मशाला आदिमा क्वारेन्टाइन बनाइएको छ । अचानक आइलागेको यो समस्याका लागि पूर्व तयारी थिएन । लगभग डेड दुई महिनामा जे गर्न सकिन्थ्यो त्यही गर्ने हो । सरकारी स्कुल कलेजको भौतिक अवस्था यसै पनि धेरै राम्रो छैन । ती ठाउँ राति बस्नका लागि बनाएकै होइनन् । शौचालय, खानेपानी, बिजुली, झ्यालढोका आदिको अवस्था राम्रो नहुन सक्छ । त्यहाँ खाना बनाउने र सेवा दिने मानिस अभ्यस्त र व्यवसायिक नहुनु स्वभाविकै हो । त्यसमा पनि तोकिएको भन्दा धेरै मानिस आएपछि सबैलाई चाहेको सुविधा राज्यले, पालिकाले र कुनै निकायले दिन सक्ने अवस्था हुँदैन । सुरक्षा, स्वास्थ सुविधा, एम्बुलेन्स, स्वास्थ्यकर्मी, ल्याब, यातायातका साधन सबै कुरा अपुग हुन्छ । त्यसैले सीमामा अस्तव्यस्त हुन्छ नै । सीमामा आइपुगेका मानिसलाई भित्र ल्याउन ढिलो पनि गर्नु हुँदैन । निकै कष्ट सहेर भोकैतिर्खै सीमामा आएका नेपालीलाई माटोको सुगन्ध र स्पर्सको हतारो नहुने कुरै भएन । केही मानिसलाई सीमामा अस्तव्यस्त भयो, क्वारान्टाइन व्यवस्थित भएनन्, सुविधा पुगेन, स्वास्थ जाँच भएन, सुरक्षा पुगेन, ती गाउँमा गएपछि गाउँभरि संक्रमण फैलने भयो आदि भनेर आलोचना गर्न त सक्लान् तर तिनले व्यवस्थापनमा सिन्को भाँच्ने छैनन् । आलोचना गर्नेले जे भएको छ, त्यो देख्दैनन् र जे हुन बाँकी छ त्यो मात्रै देख्ने हो ।

सीमा नाकामा बनाएका क्वारेन्टाइनहरु अब होल्डिङ सेन्टर बन्ने क्रममा छन् । नेपाल भित्रिएका मानिसलाई होल्डिङ सेन्टरमा छोटो अवधि राख्ने र सम्वन्धित जिल्लामा पठाउने क्रम चलेको छ । नाकामा गर्न नसकेको स्वास्थ जाँच होल्डिङ सेन्टरमा पनि गर्न सक्ने अवस्था हुँदैन । हिजो आएर भरिएको होल्डिङ सेन्टर आज या भोलि खाली नगर्ने हो भने नयाँ आउनेलाई ठाउँ दिन सकिँदैन । मानिस थपिएसँगै सुविधा पुऱ्याउन नसकिने हुन्छ नै । पैसाको अभाव सीमा नाकाका पालिकालाई हुने नै भयो । जिल्ला-जिल्लासम्म पुग्ने यातायातको साधनको व्यवस्था गर्नु अर्को चुनौति बनेको छ । एउटै जिल्लाका नहुने हुँदा बाटामा मानिसलाई अलपत्र छाड्दै जानुपर्ने हुन्छ । स्थानीय जिल्ला, पालिका र वडाहरुले तिनलाई पहिचान गरेर आफ्नो स्थानसम्म पुऱ्याउनु, स्वास्थ जाँच गर्नु, क्वारेन्टाइनमा राख्नु कम चुनौतिको कुरा होइन । जति आउँदैछन् ती सबै कोरोना लागेर आएका होइनन् तर जसलाई कोरोना छ तीबाट अरुमा सर्न नपाओस् भनेर सतर्कता अपनाउने हो । यति हुँदाहुँदै पनि स्वास्थ जाँच नगरिएका सबै एउटै गाडीमा यात्रा गर्नु, एउटै लाइन लागेर भित्रिनु, एउटै क्वारेन्टाइन वा होल्डिङ सेन्टरमा बस्नु, एउटै शौचालाय, पानीको धारा आधि प्रयोग गर्नु/गराउनु सबैको वाध्यता हो ।

कोरोनाको कारण अमेरिका र युरोपमा धेरै मानिस मरेको सुनेर हामी धेरै आत्तिएका छौं । नेपाल भारतमा भर्खरै मात्रै यसको कहर उकालो लाग्दैछ । त्यसको प्रभाव कति पर्छ र कहिलेसम्म पर्छ भन्ने अहिले नै अनुमान गर्न निकै कठिन भएको छ । कोरोना रोक्न गरिएको लकडाउन हाम्रो जस्तो मुलुकका लागि चाँडै प्रत्युत्पादक नहोला भन्न सकिँदैन । धनी र विकसित मुलुकमा समेत लकडाउन प्रत्युत्पादक भएका कारण लकडाउन खुकुलो पार्दै लगेका छन् । नेपाल भारत जस्ता मुलुकमा ६० दिन बढीको लकडाउन भएपछि कोरोना फैलने क्रम भर्खर शुरु भएजस्तो छ । संक्रमण दैनिक रफ्तारमा बढी रहेको छ । भारतले लक डाउन खुकुलो पारेसँगै त्यहाँ भएका नेपालीको ठूलो संख्या भित्रिने र तिनसँगै कोरोना संक्रमित पनि भित्रिने क्रम जारी छ ।

सीमामा आएका नेपालीलाई आउन नदिने भन्ने हुँदैहुँदैन । आउन दिनुपर्छ । सकिन्छ जाँच गरौं, क्वारेन्टाइनमा राखौं र सुरक्षित घर-घर पठाउने व्यवस्था गरौं । सकिँदैन भने आउनेलाई सानोसानो समूहमा राखेर कोरोनाबाट कसरी बच्ने, घरमा गएर के गर्ने ? कसरी सुरक्षित हुन सकिन्छ ? परिवारलाई कसरी सुरक्षित गर्ने ? समुदायमा कसरी रहने जस्ता कुरा राम्ररी सम्झाएर, जिम्मेवार बनाएर पठाउने गर्नुपर्छ । घर-घरमै क्वारेन्टाइनमा बस्ने र क्रमशः परीक्षण गराउने गरी गाउँ पठाउनु पर्छ । कोरोना लागिहालेमा कसरी बच्ने भन्ने शिक्षालाई सघन र प्रभावकारी बनाउनुपर्छ । सन्तुलित भोजन, प्रयाप्त आराम, सफा सुग्घर र आत्मविश्वास भएमा कोरोना जित्न सकिन्छ भन्ने उदाहरण खोज्न अब टाढा जानु पर्दैन । हाम्रो समाजमा यो दुई महिनामा कोरोनाका कारण ५ जना मानिसको मृत्यु भएको अवस्था छ । तर, यही अवधिमा डिप्रेशन, कुपोषण, मुटुरोग, सुत्केरी व्यस्था, झाडा पखाला, दुर्घटना, सामाजिक अपराध झगडा, धुम्रपान र मध्यपान आदिबाट योभन्दा कैयौं बढीको ज्यान गएको छ । यीमध्यै धेरैले समयमै र सजिलै उपचार पाएको भए ज्यान बनाउन सक्ने थिए ।

कोरोनाको नाममा देशलाई लामो समय लकडाउन गर्दा यी प्रकारका समस्या झन् धेरै बढ्ने छन् । झन् धेरै ज्यान खतरामा पर्ने छन् । सामान्य मानिस भोकको कहर खप्न नसकेर अझै कठिन अवस्थामा धकेलिने छन् । त्यसैले होशियारीपूर्वक र सजग भएर अर्थतन्त्र चलायमान बनाउने काम गर्नुपर्छ । यसका लागि सरकारले नीति बनाउनु र सबै पालिकाले पालना गर्नु/गराउनुपर्छ ।

कोरोना सरकार एक्लैले नियन्त्रण गर्न र यसको समाधान गर्न सक्दैन । जनताले साथ दिनुपर्छ । क्वारेन्टाइनमा नबस्ने, भाग्ने, परिवारसँग घुलमिल भएर बस्ने आइसोलेसनमा नबस्ने, गाउँ चहार्ने, होशियारी नहुने हो भने एउटा मानिसलाई एउटा पुलिस लगाए पनि रोकिँदैन । अहिलेसम्म त भारतबाट केही मानिस मात्रै आएका हुन् । भारतबाट नै धेरै आउन बाँकी छ । ती आउने छन् । अब त तेश्रो देशमा भएकालाई पनि ल्याउनुपर्छ र आउन दिनुपर्छ । भारतमा भएकाभन्दा धेरै अरु देशमा छन् । विदेशमा कोरोना संक्रमित नेपाली निकै धेरै संख्यामा छन् । निको भएकालाई पनि फेरि नहोला भन्न सकिँदैन । यस्तो अवस्थामा स्वदेश फर्कने अधिकारबाट कसैलाई पनि लामो समय रोक्न हुँदैन । आएका सबैलाई क्वारेन्टाइनमा राख्न सम्भव हुँदैन । त्यसैले अति जरुरीको पहिचान गरेर क्वारेन्टाइनमा राख्ने र जाँच गराउने काम गरे पनि अरुलाई घर-घरमै सुरक्षित बस्ने र सामर्थ्य भएकाले आफै कोरोना टेष्ट गर्ने सुविधा सरकारले खुल्ला गर्नुपर्छ । सरकारले गर्न पनि नसक्ने र व्यक्तिगत सामर्थ्य भएकाले पैसा तिरेर गर्न पनि नपाउने अवस्थाको चाँडै अन्त्य गर्नुपर्छ ।

कोरोनालाई अब सामान्यकरण गर्नुपर्छ । यसको अर्थ लापरवाही गर्नुपर्छ भनेको होइन । तर, कोरोना भयो भने मरिहालिन्छ भन्ने सोच परिवर्तन गर्नुपर्छ । कोरोनालाई जित्न सकिन्छ भन्ने प्रमाणित हुँदै गएको छ । कोरोना लागेकालाई बहिष्कार गर्ने, अपमान गर्ने, छिछि दुरदुर गर्ने, गाउँ प्रवेशमा अवरोध गर्ने जस्ता कामलाई निरुत्साहित गर्ने कुराले यसको मनोवैज्ञानिक उपचार गरेर सामान्यकरण गर्न सकिन्छ । कोरोना भाइरसको प्रकोपबाट बच्न डब्लुएचओ र सरकारले सुझाएका कुराको पालना गर्ने, लागि हालेमा उच्च मनोवलका साथ कोरोनालाई जित्ने अभियान निरन्तर चलाउनुपर्छ ।

कोरोनाको कहर नेपालमा भर्खर उकालो लाग्दैछ । यो अरु छ महिना, वर्षदिन वा त्योभन्दा पनि बढी समय रहन सक्छ । त्यसैले सरकार र जनता मिलेर कोरोना सँगसँगै जिउने, कोरोनालाई पराजित गर्ने र सुरक्षित रहने उपाय नै अबको बाटो हो ।

> कोरोनालाई अब सामान्यकरण गर्नुपर्छ । यसको अर्थ लापरवाही गर्नुपर्छ भनेको होइन । तर, कोरोना भयो भने मरिहालिन्छ भन्ने सोच परिवर्तन गर्नुपर्छ । कोरोनालाई जित्न सकिन्छ भन्ने प्रमाणित हुँदै गएको छ । कोरोना लागेकालाई बहिष्कार गर्ने, अपमान गर्ने, छिछि दुरदुर गर्ने, गाउँ प्रवेशमा अवरोध गर्ने जस्ता कामलाई निरुत्साहित गर्ने कुराले यसको मनोवैज्ञानिक उपचार गरेर सामान्यकरण गर्न सकिन्छ ।

## कोरोनाबाट रोहिङ्गया शरणार्थीको मृत्यु

**ढाका, जेठ २०।** बंगलादेशको रोहिङ्गया शरणार्थी शिविरका एक ७१ वर्षीय वृद्धको कोरोनाभाइरस संक्रमणका कारण मृत्यु भएको छ ।

बंगलादेशको कोक्स बजारस्थित एक जना वरिष्ठ स्वास्थ्य अधिकारीका अनुसार ती वृद्धको गत आइतबार निधन भएको हो । तर उनको स्वास्थ्य जाँचको रिपोर्ट सोमबार मात्र प्राप्त भएको थियो ।

ती वृद्ध कुटुपालोङ शिविरमा बस्थे । यस शिविरमा मात्र २९ जना रोहिङ्गयामा कोरोना पोजेटिभ देखिएको छ । म्यान्मारबाट भागेर बंगलादेश पुगेका रोहिङ्गयाहरुलाई अस्थायी शिविरमा राखिएको छ ।

हाल शिविरमा करिब १० लाख शरणार्थी रोहिङ्गयाहरु रहेका छन् ।

## नेपाल फर्कन चाहनेले विवरण बुझाउनुपर्ने

**लण्डन, जेठ २०।** नेपाल फर्किनुपर्ने बाध्यतामा रहेका नेपाली नागरिकलाई आफ्नो विवरण अद्यावधिक गर्न लण्डनस्थित नेपाली राजदूतावासले आव्हान गरेको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को यही जेठ १२ गतेको निर्णय बमोजिम 'कोभिड-१९ विश्वव्यापी सङ्क्रमणका कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७' जारी भएको सन्दर्भमा नेपाल फर्किनुपर्ने बाध्यतामा रहेका नेपालीका लागि यस्तो व्यवस्था गरिएको राजदूतावासद्वारा सोमबार जारी सूचनामा जनाइएको छ ।

कोभिड-१९ महामारीको परिणामस्वरुप बन्दाबन्दीको कारणले नेपाल फर्कन नपाएका र छिट्टै नेपाल फर्कनुपर्ने बाध्यतामा रहेका बेलायत, आयरल्याण्ड र माल्टामा रहेका नेपाली नागरिकलाई प्राथमिकताका आधारमा नेपाल फर्कने व्यवस्था गर्न लागिएको राजदूतावासले जानकारी गराएको छ ।

नेपाल फर्कन चाहनेले आफ्नो नाम, राहदानी नम्बर, स्थायी ठेगाना, नेपाल फर्केपछि बस्ने ठेगाना, नेपालको सम्पर्क नम्बर, नेपाल फर्कनुपर्ने कारण, हाल आफू रहेको ठेगाना, सम्पर्क नम्बर र इमेल साथै आफ्नै खर्चमा तोकिएको होटल क्वारेन्टिन वा स्थानीय तहले व्यवस्थापन गरेको क्वारेन्टिन कुनमा बस्ने हो सोसमेत खुलाई राजदूतावासको फेसबुक पेज, ट्वीटर वा इमेलमार्फत पाँच दिनभित्र आफ्नो विवरण उपलब्ध गराउन अनुरोध गरिएको छ ।

यहाँको गैरआवासीय नेपाली संघ बेलायतले सङ्कलन गरेको नेपाल फर्कन चाहने नेपालीको विवरण पनि राजदूतावासलाई प्राप्त भइसकेको छ । सूचना जारी भएपछि पनि नेपाल जान इच्छुकले राजदूतावास वा गैरआवासीय नेपाली संघमा विवरण पठाउन सकिने उल्लेख गरिएको छ । हवाई उडानबाट स्वदेश फर्कने व्यक्तिले हवाई उडान गर्नु अगाडि कोभिड सङ्क्रमण नभएको स्वास्थ्य परीक्षण (पिसीआर/आरडिटी/अन्य) को प्रमाण साथमा राख्नुपर्ने भएकाले सोको व्यवस्था पनि स्वयंले गर्नुपर्ने र नेपाल फर्कने व्यक्तिले हवाई उडान तथा यातायात खर्च र होटल तथा क्वारेन्टिन खर्च आफैंले व्यहोर्नुपर्ने सूचनामार्फत जानकारी गराइएको छ ।

यहाँबाट गएपछि नेपालको विमानस्थलमा पुगेपश्चात प्रत्येक यात्रुलाई काठमाडौं चक्रपथ आसपासमा रहेका 'होल्डिङ सेन्टर'मा लगी आवश्यक प्रक्रिया पूरा भएपछि मात्र सम्बन्धित जिल्लामा रहेका क्वारेन्टिनमा 'ट्रान्सफर' गरिनेछ । नेपाल प्रवेश गर्ने प्रत्येक व्यक्तिले अनिवार्यरूपमा स्थानीय क्वारेन्टिन वा होटल क्वारेन्टिनमा १४ दिनसम्म बस्नुपर्ने र तत्पश्चात् स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम स्वास्थ्य परीक्षण भएपछि थप सात दिन अनिवार्य होम क्वारेन्टिनमा समेत बस्नु पर्नेछ । नेपाल जाने प्रत्येक व्यक्तिले तोकिएको सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ । एयरलाइन्स र उडान तालिकालगायत अन्य विवरणका सम्बन्धमा पछि जानकारी गराइने व्यहोरा उक्त सूचनामा उल्लेख गरिएको छ ।

## विश्वमा ३ लाख ७७ हजारभन्दा बढीको मृत्यु

**जेनेभा, जेठ २०।** कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ३ लाख ७७ हजार ७ सय ८९ पुगेको छ भने, संक्रमितको संख्या ६३ लाख ८३ हजार ८ सय २५ पुगेको विश्व स्वास्थ्य संगठन ( डब्लुएचओ) आफ्नो दैनिक विज्ञप्तिमा जानकारी दिएको छ ।

नेपाली समयानुसार मङ्गलबार अपरान्हसम्म प्राप्त समाचार अनुसार कोरोना भाइरसको कारण बिरामी भएका २९ लाख २० हजार ८ सय ९६ जना निको भएका छन् । विश्वभरीमा ३० लाख ८५ हजार १ सय ४० हाल कोरोना भाइरस सक्रमित उपचाररत रहेका छन् ।

हालसम्म कोरोना भाइरस संक्रमित ५३ हजार ७ सय ८९ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको उहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिकालाई अत्यन्त प्रभावित पारेको छ ।

डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र १८ लाख ५९ हजार ५ सय ९७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ । यस प्रकोपको कारण अमेरिकामा १ लाख ६ हजार ९ सय २७ व्यक्तिको मृत्यु भएको छ । दक्षिणमा अमेरिकामा ९ लाख ७ हजार २ सय २७ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ४१ हजार १ सय २० को मृत्यु भएको छ । युरोपमा २० लाख ४३ हजार ५ सय २२ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ७४ हजार ८ सय ६० को मृत्यु भएको छ ।

एसियामा ११ लाख ७० हजार ९ सय १६ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने- ३१ हजार ३ सय ८० जनाको मृत्यु भएको छ । अफ्रिकामा १ लाख ५५ हजार ३८ जनामा कोरोना भाइरस संक्रमण रुहेको छ भने- ४ हजार ३ सय ६९ जनाको मृत्यु भएको छ ।

# लकडाउनमा यसरी गरौं कपाल र दाह्रीको स्याहार

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट बच्न नेपालमा गत चैत ११ गतेदेखि लकडाउन गरिएको छ। नेपालीहरु पनि घरमै बसेर लकडाउनको पालना गरिरहेका छन्। लकडाउनको समयमा घरमा बस्न गाह्रो भएको छ। लकडाउनको यो समयमा शैलुनहरु समेत बन्द भएर कपाल र दाह्री काट्न नपाएर मानिस हैरान भएका छन्। यस्तो समयमा कपाल र दाह्रीको स्याहार कसरी गर्ने भनेर मानिस चिन्तित भएका छन्।

अन्तर्राष्ट्रियस्तरमा ख्याति कमाएका नेपालका चर्चित हेयर एक्सपर्ट निलडेविड कटुवालले लकडाउनमा कपाल र दाह्रीको स्याहार गर्ने तरिकाको बारेमा यस्तो सुझावहरू दिएका छन्।

**कपालको हेरचाह र सुरक्षा**

१) जब तपाईं कतै गएर घर फर्कनुहुन्छ तब आफ्नो कपाल राम्ररी स्याम्पुले धुनुहोस्।

२) यदी तपाईं 'कपाल मास्क'को प्रयोग गर्नुहुन्छ भने परिवर्तन गरिरहनुपर्छ। तपाईंको कपाल स्वस्थ र चिल्लो राख्न तथा सुक्खा हुन नदिनको लागि नरिवलको तेल प्रयोग गर्नुहोस्।

३) यदि तपाईको कपाल कलर गरिएको छ भने तातोपानी वा ताताकपाल स्टाइलिंग सामग्रीबाट बच्नुहोस्। यसले रंगलाई लामो समयसम्म टिकाइ राख्न मद्दत गर्दछ।

४) लामो कपालका लागि हप्तामा तीनपटक स्याम्पु र हप्तामा तीनपटक ओयल मसाज गर्ने शर्त पक्का गर्नुहोस्।

५) घरमा हुँदा तथा काममा व्यस्त हुँदा तपाईंको कपालमा चायाँको विकास हुन सक्छ। त्यस्तो छ भने दुई दिनको अन्तरालमा कपाल धुनुहोस् र मनपर्ने घरेलु उपचार गर्नुहोस्। यसमा मेथीको धुलो, अण्डाको सेतो भाग, एप्पल साइडर शिरका प्रयोग गर्न सकिन्छ। यसको फ्रिजिनेसलाई पनि रोक्न मद्दत गर्दछ।



**निलडेविड कटुवाल**
**हेयर एक्सपर्ट**

६.कपालमा पटक-पटक काइँयो या ब्रश प्रयोग गरिरहनु हुँदैन। विशेषगरी तपाईंको कपाल चसो भएको बेला ब्रश नगर्नुहोस्। यसले कपाल झर्ने समस्यालाई दोब्बर बनाउँछ।

**दाह्रीको हेरचाह र सुरक्षा**

**१) दैनिक धुने**

दाह्रीले धूलो र तेल छिटो टिप्ने हुनाले यसलाई दैनिक स्याम्पु वास गर्नु जरुरी छ। दाह्रीको लागि बनेको ब्वाइज बेयर्ड स्याम्पुद्वारा दाह्री धुनुपर्छ। जुनपायो त्यहीं स्याम्पू प्रयोग गर्नाले छालामा असर पुऱ्याउँछ।

**२) दैनिक ब्रश गर्ने**

बिहान नुहाएर सुक्खा भइसकेपछि दाह्री ब्रश गर्नुपर्छ। यसले दाह्रीको राम्रो केयर गर्नुका साथै रक्तसञ्चारमा पनि मद्दत पुग्छ र सुक्खा हुनबाट समेत बचाउँछ।

**३) तेल मालिस गर्ने**

दाह्रीको लागि बजार या सलुनमा विभिन्न प्रकारका तेल उपलब्ध छन्। दाह्रीमा दैनिक या दिन बिराएर तेल मालिस गर्दा चम्किलो, मुलायम र आकर्षक देखिन्छ।

**४) बाम लगाउने**

धैरैलाई थाहा नहुन सक्छ, बेयर्ड बाम दाह्रीको लागि धेरै थोक हो। साथै मोस र जेल पनि दाह्रीको स्टायलिङका लागि उपयुक्त प्रसाधन हुन्।

**५) दाह्री ट्रिम गर्ने**

समयसमयमा दाह्री ट्रिम गर्न जरुरी छ। यसले दाह्री मेन्टेन गर्नुका साथै ग्रोथमा पनि सघाउँछ। ट्रिम गर्नाले दाह्री सफा र हाइजेनिक देखिन्छ। आफूलाई स्वस्थ र सफाचटको महसुस हुन्छ।

# कचनकवल गाउँपालिकालाई स्वास्थ्य सामग्री



**झापा, जेठ २०।** कचनकवल गाउँपालिकालाई स्वास्थ्य सामग्री उपलब्ध गराइएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी झापा ३ नम्बर क्षेत्रीय समिति र भद्रपुर नगर समितिले संयुक्त रूपमा कचनकवललाई ६० हजार मूल्य बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराएको हो। राप्रपा क्षेत्रीय समितिका अध्यक्ष नवराज पनेरु र भद्रपुर नगर समितिका अध्यक्ष राधा कार्कीले गाउँपालिकाका अध्यक्ष अञ्जार आलमलाई एक सय थान एन ९५ मास्क र १० थान पीपीई हस्तान्तरण गरेका हुन्।

गाउँपालिकामा भारतबाट स्वदेश फर्किने स्थानीयमा कोरोना सङ्क्रमित देखा पर्न थालेको र क्वारेन्टाइनमा राखिएकाहरूको उपचार खटिने स्वास्थ्यकर्मी र कर्मचारीलाई सहयोग पुग्ने उद्देश्यले स्वास्थ्य सामग्री उपलब्ध गराएको क्षेत्रीय अध्यक्ष पनेरुले जानकारी दिए।

## झापामा चार लाख बिरुवा वितरण गरिँदै

**झापा, जेठ २०।** डिभिजन वन कार्यालय झापाले यस वर्ष चार लाख दुई हजार बिरुवा वितरण गर्ने भएको छ।

विभिन्न जातका वन बिरुवा र फलफूल गरी उक्त संख्यामा बिरुवा वितरण गर्न लागिएको डिभिजन वन कार्यालय झापाका सहायक वन अधिकृत देवेन्द्र उप्रेतीले जानकारी दिए।

संघीय सरकार अन्तर्गत दुई लाख ३० हजार र प्रदेश सरकारबाट प्राप्त एक लाख ५० हजार वन बिरुवा वितरण गर्न लागिएको हो। त्यस्तै संघीय सरकारअन्तर्गत १५ हजार र प्रदेश सरकारबाट सात हजार गरी २२ हजार फलफूलको बिरुवासमेत वितरण गरिने उनले बताए।

टिक, मसला, खमारी, मलेशियन साल, मगोहिनी, खयर, नेमारो, शिरीष, कदमलगायतका बिरुवा वितरण गरिने भएको हो। स्थानीय जातका बोटबिरुवा पनि वितरण गर्ने सोच बनाएका छौं- उनले भने- यसबाट वन पैदावारको आपूर्तिसँगै स्थानीय जातका बोटबिरुवाको पनि संरक्षण हुनेछ।

कार्यालयले असार १५ गतेपछि बिरुवा वितरण गर्ने योजना बनाएको छ। कार्यालयको सुरुङ्गा, भद्रपुर, पाठामारीलगायतका स्थानमा रहेका नर्सरीमा बिरुवा उत्पादन भइसकेको छ भने फलफूलका बिरुवा बोलपत्रमार्फत खरिद गर्ने गरी प्रक्रिया अघि बढाइएको छ। बोलपत्र परिसकेको छ- उनले भने- लकडाउनका कारण केही ढिलाइ भएको हो।

कार्यालयले यस वर्ष २० हेक्टर क्षेत्रफलमा वृक्षरोपण गर्ने भएको छ। त्यस्तै नदी उकास क्षेत्रको २० हेक्टर क्षेत्रफलमा बिरुवा छरिने कार्यालयले जनाएको छ। कार्यालयले आर्थिक वर्ष २०७१/७२मा सात लाख, आव २०७२/७३मा आठ लाख ५० हजार, आव २०७४/७५मा नौ लाख ५० र आव २०७५/७६ मा तीन लाख ४५ हजार बिरुवा वितरण गरेको थियो।

खाली पर्ती जग्गामा बिरुवा लगाउँदा राम्रो आम्दानी लिन सकिने भएपछि बिरुवाको माग बढ्दै गएको छ। वन कार्यालयले बिरुवाका लागि निवेदन दिन आउनेलाई १५ र ठूलो क्षेत्रफलमा रुख लगाउने मागपत्र लिएर आउनेलाई आवश्कतानुसार बिरुवा उपलब्ध गराउँदै आएको छ।

## ट्रक रोकेर पैसा लिएर भागेपछि...

**सप्तरी, जेठ २०।** ना.४५ ख ६९७ नम्बरको बालुवा लोड गरेको ट्रक रोकेर अवैध रुपमा पैसा मागी लिएर भाग्ने ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

सुरुङ्गा नगरपालिका-३स्थित चहाका खोलाबाट फर्कने क्रममा उनीहरुले उक्त ट्रक रोकी चालकसँग पैसा मागेको र पैसा खुल्ला छैन भन्दा १० हजार रुपैयाँ लिई भागेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी लक्ष्मीपुरबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उनीहरूलाई ७ हजार रुपैयाँसहित पक्राउ गरेको हो।

## चक्रवातको प्रभाव नेपालमा पर्ने

**झापा, जेठ २०।** नेपालमा फेरि अर्को चक्रवातको प्रभाव पर्ने भएको छ। दक्षिणपूर्वी अरब सागरमा रहेको न्यून चापीय प्रणाली उत्तरतर्फ सर्दै गरेको छ।

आउँदो २४ घण्टामा उक्त प्रणाली विकसित हुँदै चक्रवात हुने सम्भावना छ। त्यसको प्रभावले नेपालका केही स्थानमा जुन ४, ५ र ६ अर्थात् जेठ २२-२४ मा वर्षाका साथै पश्चिमी उच्च हिमाली क्षेत्रमा हिमपातसमेत हुने सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

केही दिनअघि बङ्गालको खाडीमा विकसित शक्तिशाली चक्रवात अंपुनको अप्रत्यक्ष प्रभावले नेपालका पूर्वी र मध्यभूभागमा हावाहुरीसहित वर्षा भएको थियो। मौसमविद् विभूति पोखरेलका अनुसार नेपालमा चक्रवातको प्रत्यक्ष असर गर्दैन। नेपालसम्म आइपुग्दा सो प्रणाली कमजोर भइसकेको हुन्छ। नेपालमा चक्रवातको आंशिक प्रभाव मात्र पर्ने बताइएको छ।

अहिलेसम्मको अवस्थालाई हेर्दा उक्त चक्रवातको प्रभावले सुदूरपश्चिमी भूभागका केही स्थानमा वर्षा र पश्चिमी उच्च हिमाली भूभागमा हिमपात हुने सम्भावना रहेको मौसमविद् पोखरेलले बताए।

# क्वारेन्टिनमा रहेकालाई खाना खर्चको रकम

**काठमाडौं, जेठ २०।** सरकारले कोभिड-१९ को विश्वयापी सङ्क्रमणबाट उत्पन्न असहज परिस्थितिले स्वदेश आउनैपर्ने परिस्थितिमा रहेका नेपाली नागरिकलाई सहजीकरण गर्न २६ बुँदे विशेष कार्ययोजना बनाएको छ।

मन्त्रिपरिषद्को यही जेठ १२ गतेको बैठकले स्वीकृत गरेको उक्त कार्ययोजनामा नेपाल फर्कन चाहने त्यस्ता नागरिकलाई महामारी फैलन नदिने गरी सङ्क्रमणबाट सुरक्षितरूपमा स्वदेश आउने, क्वारेन्टिनमा बस्ने, स्वास्थ्य परीक्षण गर्ने, स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने/गराउने विषय समेटिएको छ।

कार्ययोजनामा स्वदेश फर्कने नागरिकको व्यवस्थापनका लागि कुन निकायले के काम गर्ने र कसरी सहजीकरण गर्ने भन्ने उल्लेख छ। सरकारले अलपत्र अवस्थामा रहेका भारतबाहेक देशबाट पहिलो चरणमा करिब २५ हजार नागरिक ल्याउने गृहकार्य गरिरहेको छ।

**पहिचान परराष्ट्र मन्त्रालयबाट**

तेस्रो मुलुकबाट आउने नेपाली नागरिकको पहिचान, प्राथमिकीकरण, विवरण सङ्कलन गरी सरोकारवाला निकायलाई उपलब्ध गराउने काम परराष्ट्र मन्त्रालयले गर्ने छ। त्यस कार्यमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन, श्रम रोजगार तथा सामाजिक सुरक्षा, गृह, प्रदेश सरकार र स्थानीय तहले सहयोग पुऱ्याउनेछन्।

भारतबाहेक तेस्रो मुलुकबाट आउन उडाउन अनुमति संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले दिने तथा परराष्ट्र र गृह मन्त्रालयले उक्त कार्यमा सहयोग पुऱ्याउनेछन्। विदेशबाट फर्कनेको होल्डिङ सेन्टर वा विमानस्थलमा स्वास्थ्य स्वघोषणा फाराम भर्न लगाउने र ज्वरो मापनलगायत स्वास्थ्य जाँच गर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारीमा नेपाली सेना, प्रदेश सरकार र स्थानीय तहले सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ। हवाईजहाजबाट आउने व्यक्तिले साथमा लिइ आएको सात दिनभित्रको स्वास्थ्य परीक्षण प्रमाणपत्रको जाँच विमानस्थलमा खटिएको चिकित्सक टोलीले गर्नेछ।

**मोबाइलको सिमकार्ड निःशुल्क उपलब्ध**

विदेशबाट आएर होल्डिङ वा क्वारेन्टिनमा रहने व्यक्तिलाई नेपाल टेलिकम र एनसेलले निःशुल्करूपमा मोबाइलको सिमकार्ड उपलब्ध गराउने व्यवस्था मिलाइने छ। प्रवेश नाका र विमानस्थलमा आउनेलाई होल्डिङ सेन्टर र क्वारेन्टिनमा पुऱ्याउन यातायातका साधनको व्यवस्था सेना, यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीले गर्नेछ। होल्डिङ सेन्टरको व्यवस्थापन नेपाली सेनाले गर्नेछ भने क्वारेन्टिनको सुरक्षा, रेखदेख, निगरानी र अभिलेख व्यवस्थापन नेपाली सेनासहितका सुरक्षा सङ्गठन र स्थानीय तहले गर्नेछन्। क्वारेन्टिनमा लजिष्टिक सपोर्टको व्यवस्था स्थानीय तहले गर्नेछ भने त्यसमा शहरी विकास मन्त्रालय र प्रदेश सरकारले सहयोग पुऱ्याउनेछन्।

**चौध दिन रु. १७५ का दरले स्थानीय तहलाई रकम उपलब्ध**

स्थानीय तहलाई क्वारेन्टिनको बन्दोबस्ती र त्यहाँ रहँदा खाना खर्चवापत प्रतिदिन प्रतिव्यक्तिवापत रु. १७५ का दरले १४ दिनको रकम अर्थ मन्त्रालयबाट निकासा हुने व्यवस्था मिलाइएको उक्त कार्ययोजनामा उल्लेख छ। तेस्रो मुलुकबाट आउने यात्रुले हवाईभाडा र होटल क्वारेन्टिन खर्च स्वयंले व्यहोर्नुपर्ने छ।

क्वारेन्टिनमा बसेकालाई स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सुरक्षासम्बन्धी कार्यको व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने छ भने समग्र कार्यको सञ्चालन, अनुगमन, नियन्त्रण र निर्देशन कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्रले गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जानकारी प्राप्त भएको छ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।

**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई


**हिजोको सूनचाँदीको भाऊ**

छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढ्नेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ। केही समय लागे पनि नयाँ कामको अवसर प्राप्त हुनाले हौसला जाग्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** भैपरी आउने समस्याले खर्च बढाउन सक्छ। सञ्चित रकम अरूका हातमा जानाले अर्थअभाव देखापर्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** परिवारजनबाट टाढिनुपर्ला। अरूलाई समय दिँदा आफू पछि परिनेछ। करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुटाउन सकिनेछ। विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** विशेष अवसर पाइनेछ र मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। पछिसम्म फाइदा हुने काम हातलागी हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** श्रमको उचित मूल्यांकन होला। पढाइमा प्रगति हुनेछ। व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** दिगो योजना प्रारम्भ गर्ने समय छ। श्रमको उचित मूल्य प्राप्त हुनेछ। सञ्चित धनको उपयोगले लाभ दिलाउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतीक्षा गरिएको काम बन्नेछ भने उठ्नुपर्ने रकम पनि हातलागी हुनेछ। भविष्यका लागि भने कामको जग बसाउने मौका छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोऱ्याउनुपर्ला। नियमित काम सम्पादन भए पनि निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बुद्धिको उपयोगले काम सम्पादन हुनेछ। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।